**नेपाली राजदूतावास**
रियाद, साउदी अरेबिया
**Embassy of Nepal**
Riyadh, Kingdom of Saudi Arabia

سفـــارة نيـــبال
الرياض - المملكة العربية السعودية

## नेपाली हजयात्रुहरूको पहिलो समूहलाई स्वागत

सन् २०२४ को हजका लागि नेपालबाट साउदी अरबको मक्का मदिना आउने हजयात्रुहरूको १५० जनाको पहिलो समूह आज जेद्दा आइपुगेको छ। हजयात्राका लागि आएको पहिलो समूहलाई जेद्दास्थित अन्तर्राष्ट्रिय विमानस्थलमा साउदी अरबका लागि नेपाली राजदूत महामहिम श्री नवराज सुवेदी, जेद्दास्थित महावाणिज्यदूतावासका कार्यवाहक महावाणिज्यदूत श्री शत्रुध्वन पोखरेल तथा महावाणिज्यदूतावासका अन्य कर्मचारीहरू र साउदी सरकारका विभिन्न निकायका प्रतिनिधिहरूले स्वागत गर्नुभयो। हजयात्रुहरूको स्वागतमा साउदी अरबमा रहनुभएका समाजसेवी श्री राजु सैयद लगायत अन्य स्वयंसेवीहरूको समेत उपस्थिति थियो।

यस वर्षको हजयात्राका लागि नेपालका निमित्त १२०० कोटा तोकिएकोमा ६ वटा उडान मार्फत् जम्मा ७६५ हजयात्रुहरू साउदी अरबको मक्का मदिना आउने कार्यक्रम रहेको छ । यसरी आउने हजयात्रुहरूलाई विमानस्थलमा आगमनका क्रमदेखि हजयात्राभर एवम् नेपाल प्रस्थानका क्रममा विमानस्थलमा नेपाली महावाणिज्यदूतावास जेद्दाले सहजीकरण गर्दै आइरहेको छ । नेपाल लगायत विश्वका विभिन्न मुलुकहरूबाट प्रत्येक वर्ष करिब २५ लाख मुस्लिम धर्मावलम्बीहरूले साउदी अरबको मक्का मदिनामा हजयात्रा गर्ने प्रचलन रहेको छ।

२०८१ जेठ ३ (१६ मे २०२४)

ص.ب. ٩٤٣٨٤ الرياض ١١٦٩٣ - المملكة العربية السعودية - هاتف : ٠١١٤٦١١١٠٨ - (الإستقبال) ٠١١٢٨٨٣٧٩٥ القسم العمالي - فاكس : ٠١١٤٦٤٠٦٩٠ الخط الساخن: ٠٥٥٩٣٨٩٦٠٠
P.O.Box 94384 Riyadh 11693 - Saudi Arabia - Tel.: 0114611108 - (Reception) : 0112883795 (Labour Section) - Fax: 114640690 Hotline: 0559389600
Website : sa.nepalembassy.gov.np Email: eonriyadh@mofa.gov.np